Diploma Programme
Programme du diplôme
Programa del Diploma

# Nepali A: literature – Standard level – Paper 1
# Népalais A : littérature – Niveau moyen – Épreuve 1
# Nepalés A: literatura – Nivel medio – Prueba 1

Friday 8 May 2015 (afternoon)
Vendredi 8 mai 2015 (après-midi)
Viernes 8 de mayo de 2015 (tarde)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

---

### Instructions to candidates

- Do not open this examination paper until instructed to do so.
- Write a guided literary analysis on one passage only. In your answer you must address both of the guiding questions provided.
- The maximum mark for this examination paper is **[20 marks]**.

### Instructions destinées aux candidats

- N'ouvrez pas cette épreuve avant d'y être autorisé(e).
- Rédigez une analyse littéraire dirigée d'un seul des passages. Les deux questions d'orientation fournies doivent être traitées dans votre réponse.
- Le nombre maximum de points pour cette épreuve d'examen est de **[20 points]**.

### Instrucciones para los alumnos

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un análisis literario guiado sobre un solo pasaje. Debe abordar las dos preguntas de orientación en su respuesta.
- La puntuación máxima para esta prueba de examen es **[20 puntos]**.

2215 – 0143



© International Baccalaureate Organization 2015

International Baccalaureate
Baccalauréat International
Bachillerato Internacional

https://xtremepape.rs/

कुनै **एक** उद्धरणको मात्र साहित्यिक विश्लेषण लेख्नुहोस् । तपाईंका उत्तरले तल दिइएका दुईवटा निर्देशित प्रश्नहरूलाई सम्बोधन गरेको हुनुपर्छ :

**1.**

थाहा छैन, उसका हरेक बोलाइ, हेराइ वा विचारमध्ये के कुराले मलाई उसैप्रति आकर्षित गरिरहेछ ? उसको बोलाइ, हेराइ र विचार मलाई भिन्नभिन्नै लाग्छ । बाल्यकालमा रोपिएको हाम्रो प्रेमको मुना फेरि पलाउन झाँगिन थालेको छ । अहिले आएर उसको मायाले यसमा मलजल गरिरहेको छ । धन्य छ यो प्रविधि जसले मेरो प्रथम प्रेमसँग, साइबर स्पेसमै किन नहोस्, साक्षात्कार गराइदिएको छ । नोस्टाल्जियामा होला मेरो चुलबुलेपना फिरेको छ । लाग्दै छ, ऊ नै मेरो आत्माले खोजेको सच्चा प्रेमी हो । प्रेममा आत्माले आत्मालाई चिन्नुपर्छ, मनले मनको पवित्र एवं निश्चल भावनालाई महसुस गर्न सक्नुपर्छ । वास्तवमा प्रेम विचार अनि भावनाको समागम हो । प्रेम स्वच्छन्द अनि स्वेच्छाले अन्तःस्करणबाट स्वतस्फूर्त प्रकट हुने स्वच्छ भावनाको मीठो अनुभूति हो । यो प्राकृत, व्याप्त र गतिशील हुन्छ । संसारका सम्पूर्ण जीवात्माहरूलाई एकापसमा बाँध्ने कडी प्रेम नै हो । जुन हामी दुईको आत्मामा अजम्बरी भएर रहिरहेको छ ।

मलाई लाग्छ, जीवनमा महत्त्व पनि उसैलाई दिनुपर्छ जसले आफ्नो भावनालाई सम्मान र महसुस गर्छ । आजकल उसका हरेक बोलाई अनि विचारहरूमा म जीवनका दर्शन पाउँछु । मेरा हरेक शब्द अनि व्यवहारमा उसको सम्मान पाउँछु । जहाँ माया हुन्छ त्यहाँ सबै कुरा हुने रहेछ । एक व्यक्ति सबै मानिसका लागि बनेको हुँदैन । म सोच्दै छु, ऊ मेरो लागि बनेको हो । उसको निकटता र आफ्नोपनले मलाई यही महसुस गराएको छ ।

सिमसिम पानी परेको छ । जाडोले लुगलुग काम्दै झ्यालबाट बाहिर चियाउन मन लाग्छ मलाई । बाहिर पानीसँगै फुसफुस हिउँ पनि खसिरहेको म देख्दै छु । नजिकैको सानो पोखरी हिउँ भरिएर एकैछिनमा पुरिएको पनि मैले देखिसकेँ । नजिकैको हिमानी झार लत्रिएर पनि सौन्दर्य दिइरहेको मैले महसुस गरेकी छु । परिस्थिति जस्तो आए पनि उसले मेरो साथ दिन्छ भन्ने कुरामा म ढुक्क भएर त्यही झारलाई हेर्दै छु ।

मेरा दिनहरू जसरी बित्दै गए पनि र हामी जति टाढा भए पनि हाम्रो माया उति नै गाढा हुँदै गयो । यसैबीच हामीले धेरै योजना बनाएका थियौं । बिदामा स्वदेश जाने र भेटघाट गर्ने हामी दुवैले मुख्य योजना पनि बनाएका थियौं । त्यही निर्दिष्ट योजनामुताविक म चढेको हवाइजहाज अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंमा ओर्लिएको थियो ।

जब मेरा पाउहरूले जन्मभूमिको माटो स्पर्श गरे मेरो मन खुसीले झुम्न थाल्यो । जहाजबाट ओर्लंदा मलाई एक किसिमको रमाइलो अनुभूति भएको थियो । स्वदेशी माटोमा टेक्न पाउँदा मलाई अपूर्व खुसी छाएको थियो । त्यही उमङ्गमा म विमानस्थलको सामान लिने ठाउँमा गएँ र हतारहतार सामान लिएर बाहिरिएँ । लामो समयपछि मातृभूमिको चिरपरिचित तर नूतन सुगन्धले त्यसै त्यसै मक्ख परेर मातेको, मदहोसी आभास भइरहेको थियो मलाई । अझ आफन्त र उसको मिलनको उमङ्गले म भित्रभित्र बतासिएकी थिएँ । उसलाई हेर्न मेरा आँखाहरू लालायित थिए । मैले आँखा चारैतिर दौडाएँ तर ऊ कतै देखापरेन ।

भगवती बस्नेत, “किनाराको मन” *गरिमा,* २०७० ।

(क) उक्त उद्धरणमा पात्रको कस्तो अवस्थाको चित्रण भएको छ ?

(ख) उक्त उद्धरणमा भावना व्यक्त गर्न केकस्ता शैलीहरू प्रयोग गरिएका छन् ?

https://xtremepape.rs/

**2.**

अन्तरिक्षमा चुलिएका अट्टालिका
यहाँ पनि मान्छे बस्छन्
रुन्छन् हाँसोमा
तल भुईंमा खर-परालका झुप्रा
यहाँ पनि मान्छे बस्छन्
र हाँसो उदाउँछ आँसुमा
आँसु खस्छ सुकेका रोटीका टुक्राहरूमा,
कोप्रिएको पेटमा आफ्ना हातखुट्टा गुजुल्ट्याएर
पुस-माघको रात अँगाल्छन् चिसो
फिक्का चियाको खैरो पानीमा घाम उदाउँछ
अनि त कुँजिएका खुट्टा तान्छन्,
छाला चुस्दाचुस्दै आमाको छातीमा
च्याट्ट छोडेर बालक फिस्स हाँस्छ
उसले माथि अट्टालिका देखाउँछ
आमा आँसु हाँस्छे बालकको ओठमा औंला राखेर
माथिबाट हाँसो रुन्छ
आँसु स्वच्छ उसका आँखामा,
दिउसोको चर्को घामले यिनीहरूको पिठ्यूँ डाम्न सक्दैन
सहँदासहँदै नाङ्गो पिठ्यूँ ढाल भइदिएको छ
थाहै नपाई अगुल्टो ठोस्दाठोस्दै
पुस-माघको जाडो पनि उम्किसकेको हुन्छ,
पोहोर-परार जस्तै अहिलेको हिउँद-वर्षा पनि
आफ्ना हत्केलाबाट चिप्लिएर गए
जिन्दगीमा वसन्त आएर
कुन बेला फूल फुलाएर गयो
अथवा वसन्त आउँदै आएन, के थाहाँ ?
हिजो जस्तै आज पनि खुस्केर गयो,
आकाशका ताराहरू जस्तै
अनन्त हरियो कल्पना छातीमा च्यापेर
साँझबिहानको जोहो गर्दागर्दै
जिन्दगीको फूल झरेर जान्छ !

युद्धवीर राणा, “विकलाङ्ग जिन्दगी” *सगरमाथाको नृत्यमग्न आत्मा*, २०६५ ।

(क) यस कविताले धनी र गरीबको जीवनअवस्थालाई कस्तो रूपमा चित्रण गरेको छ ?

(ख) यस कवितामा कविले विम्ब तथा प्रतीकको प्रयोग कसरी गरेका छन् ?

https://xtremepape.rs/